आज मिति २०८२ साल श्रावण १९ गते सोमबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

<u>उपस्थितिहरु:</u>

| क. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.वडाध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वियन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. गत आ.व. २०८१/०८२ को आर्थिक र भौतिक प्रगति सम्वन्धमा ।
३. गत आ.व. २०८१/०८२ को वार्षिक समिक्षा सम्बन्धमा ।
४. गत आ.व. २०८१/०८२ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्वन्धमा ।
५. चालु आ.व. २०८२/०८३ को गाउँपालिकास्तरीय दररेट सम्वन्धमा ।
६. लाप्राक गुप्सीपाखा सोलार पम्पिङ खानेपानी आयोजनाको भुक्तानी सम्वन्धमा ।
७. सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।
८. सूचना तथा शुभकामना प्रकाशन सम्वन्धमा ।
९. कार्य सम्पादन सम्झौता गर्ने सम्वन्धमा ।
१०.नागरिक आरोग्य केन्द्र सम्वन्धमा ।
११.करारमा कर्मचारी भर्ना गर्ने सम्वन्धमा ।
१२.कार्यालय सहयोगीको तलवभत्ता सम्वन्धमा ।
१३.सामाजिक सुरक्षा भत्ता नविकरण सम्वन्धमा
१४.धार्चे आधारभूत अस्पतालको खाता संचालन सम्वन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को हालसम्मको आर्थिक र भौतिक प्रगति तपशिल बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,४२,०७,७७८ | २७,१४,०७,४७५.६२ | ८३.७१% |
| पूँजीगत तर्फ | १८,३८,०१,२२२ | १०,८२,२८,८६३.४५ | ५८.८८% |
| जम्मा | ५०,८०,०९,००० | ३७,९६,३६,३३९.०७ | ७४.७३% |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को तेस्रो चौमासिक एवम् वार्षिक समिक्षा यहि श्रावण २९ गते बिहीबारका दिन विहान १० बजे धार्चे गाउँपालिकाको कवर्डहल माछिखोलामा गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को तेस्रो चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम यहि श्रावण ३० गते शुक्रबार विहान ११ बजे धार्चे गाउँपालिकाको कवर्डहल माछिखोलामा गर्ने र सो सम्बन्धि अन्य आवश्यक कार्य गर्न गराउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को लागि पालिकास्तरीय दररेट प्रमुख प्रशासकीय अधिकृत मार्फत प्राविधिक शाखाबाट पेश भई जानकारी भयो । सो सम्बन्धमा पेश भएको दररेट गोरखा जिल्लाको दररेटलाई आधार मानी तयार भएको हुनाले केहि आवश्यक संशोधन सहित सर्वसहमतिले पास गरि सोही बमोजिम कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गत आ.व. २०८१/०८२ मा प्रदेश विशेष अनुदान अन्तर्गत लाप्राक गुप्सीपाखा सोलार पम्पिङ खानेपानी आयोजना निर्माणका लागि रु. ३९,५५,८७६.९६।-( VAT, PS र Contigency सहित) रकममा श्री अक्वा फ्रेस नेपाल एण्ड सोलार प्रा.लि. काठमाण्डौसँग मिति २०८१।१२।२६ गते सम्झौता भई मिति २०८२।०३।०३ गतेसम्म कार्य सम्पन्न गर्ने गरि निर्माण कार्य अगाडि बढि कार्य सम्पन्न भएको र प्राविधिक विल बमोजिमको रु. ३९,५५,८७६.९५।-(VAT, PS र Contigency सहित) रकम नियमानुसार निकाशा दिनुपर्नेमा मिति २०८२/०३/२५ गते रु. २०,००,०००/-(अक्षेरुपी बिस लाख रुपैया मात्र।) भुक्तानी भई बाँकी रकम निकाशाका लागि आर्थिक मामिला मन्त्रालय गण्डकि प्रदेश पोखरामा लेखि पठाएकोमा मिति २०८२/०३/२५ गते विहान १० बजे प्रदेश लेखा नियन्त्रक कार्यालय, पोखराबाट बाँकी रकम फुकुवा भएको र प्रदेश लेखा इकाई गोरखाबाट मिति २०८२/०३/२५ राति ८ बजे पछि मात्र प्राप्त भई निकासा प्रक्रियामा रहेको जानकारी प्राप्त भएकोले सोही दिनमा उक्त बाँकी रकम बैंकिङ्ग प्रक्रियामा समस्या भई यस कार्यालयको खातामा मिति २०८२/०३/२५

गतेको अन्तिम समय रातको १२ बजेसम्म पनि जम्मा नभई मिति २०८२/०३/२६ गते बिहान १०:०० बजे मात्र यस कार्यालयको लेखा सिस्टममा (सुत्र) देखिएकोले सिस्टम वन्द भए पश्चात निर्माण कम्पनीलाई भुक्तानी दिन नसकिएको उक्त भुक्तानी दिन बाँकी रकम रु.१७,४१,०००/-(अक्षेरुपी सत्र लाख एकचालिस हजार रुपैंया मात्र) चालु आ.व.मा भुक्तानी दिन सहमतिको लागि आर्थिक मामिला मन्त्रालयमा लेखि पठाईएको र हालसम्म पनि उक्त सहमति प्राप्त नभएको हुँदा चालु आ.व.मा आम्दानी बाँधि नियमानुसार भुक्तानी दिने र सो सम्बन्धि आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुले प्रत्येक आ.व. को ६० दिन भित्रमा गत आ.व. को आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गर्नुपर्ने प्रावधान बमोजिम आ.व. २०८१/०८२ को सम्पत्ति विवरण यहि भाद्र १० गतेभित्रमा तोकिएबमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने व्यवस्था सम्बन्धित वडामार्फत सबै जनप्रतिनिधिहरुमा जानकारी गर्ने/गराउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत आ.व.हरुमा कार्यालयको अग्रिम स्वीकृत विनानै कतिपय पत्रपत्रिका र सूचना तथा संचार माध्यमहरुले गाउँपालिकाको विविध सूचना तथा शुभकामना प्रकाशन तथा प्रशारण गर्ने गरेको पाईएकोले चालु आ.व. मा यस्ता गतिविधिहरुलाई निरुत्साहित गर्दै गाउँपालिकाको सूचना तथा शुभकामना लगायतका सामाग्रीहरु प्रकाशन तथा प्रशारण आवश्यकताका आधारमा गर्ने तथा प्रकाशन तथा प्रशारण गर्नुपूर्व स्वीकृति लिएर मात्र गर्ने व्यवस्था मिलाउन सबै सूचना तथा संचार माध्यमहरुलाई सार्वजनिक रुपमा आव्हान गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट, विकास निर्माण तथा सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय एवं प्रभावकारी रुपमा कार्यान्वयन तथा कार्य सम्पादन गर्नका लागि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत साथै प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिकाको कार्यालयका सबै शाखाका प्रमुखहरु र वडा सचिवहरुबीच समेत कार्यसम्पादन सम्झौता गरि प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा प्रदेश आयुर्वेद चिकित्सालय गोरखाको च.नं. ९ मिति २०८२।०४।०६ गतेको पत्रसाथ प्रादेशिक स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरा र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकु, काठमाडौंको परिपत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा यस गाउँपालिकाको केन्द्र माछिखोलामा रहेको नागरिक आरोग्य सेवा केन्द्र चालु आ.व. देखि यस गाउँपालिकाले नै संचालन तथा व्यवस्थापन गर्ने गरि हस्तान्तरण भई आएकोले सो सेवा केन्द्रलाई स्वास्थ्य शाखामार्फत प्रभावकारी एवम् व्यवस्थित रुपमा संचालन तथा व्यवस्थापन गर्ने गराउने साथै कर्मचारीको हकमा नयाँ प्रक्रियाबाट नियुक्ति गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका अन्तर्गत रिक्त रहेका तपशिल बमोजिमका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ती गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने गराउने निर्णय गरियो ।

तपशिल

| सि. नं. | पद | तह | सेवा/समूह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अ.सब.इन्जिनयर | चौथो | इ/सिभिल | १ | गा.पा. कार्यालयका लागि |
| २ | अ.न.मी. | चौथो | स्वास्थ्य/प.हे.न. | १ | गुम्दा स्वास्थ्य चौकीका लागि |
| ३ | वैद्य | चौथो | स्वास्थ्य/आयुर्वेद | १ | नागरिक आरोग्य सेवा केन्द्रका लागि |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय अन्तर्गत रिक्त रहेको कार्यालय सहयोगी पदमा करार सेवामा कर्मचारी भर्ना गर्न मिति २०८२।०३।१३ गते प्रकाशित सूचना बमोजिम नियुक्ति हुने कार्यालय सहयोगीको तलबभत्ता तपशिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | पद | संख्या | कार्यरत रहने निकाय | तलब स्केल | कैफियत |
|---|---|---|---|---|---|
| १ | का. स. | १ | गा.पा. कार्यालय | २०,०००।- | करार - क |
| २ | का. स. | १ | गा.पा. कार्यालय | १८,०००।- | करार - ख |
| ३ | का. स. | १ | केरौजा स्वास्थ्य चौकी | सशर्त अनुदान बमोजिम | करार |

CS CamScanner

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले आफ्नो लाभग्राही कार्डको नविकरण स्वयम् उपस्थित भई प्रत्येक वर्ष श्रावण १ गतेदेखि भाद्र मसान्तसम्म गर्नुपर्ने प्रावधान बमोजिम चालु आ.व.मा यस गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता बुझ्ने लाभग्राहीहरुको बायोमेट्रिक डिभाइसद्धारा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा र वडा कार्यालयहरुबाट नविकरण सम्बन्धी कार्य भईरहेको र सामाजिक सुरक्षा भत्ताका अधिकांश लाभग्राहीहरु गाउँपालिकाको क्षेत्र भन्दा बाहिर गोरखा, तनहुँ, पोखरा, चितवान र काठमाडौं लगायतका ठाँउहरुमा अस्थीय रुपमा बसोबास गरि रहेको हुँदा निजहरुको सहजताका लागि मिति २०८२।०५।१५ गतेदेखि ऐ. १७ गतेसम्म गोरखा बजारमा नविकरण शिविर राखी नियमानुसार नविकरण गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ३ मा अवस्यित धार्चे आधारभूत अस्पताल गत आ.व. को मंसिर ५ गतेदेखि विधिवत रुपमा संचालनमा आई स्वास्थ्य सेवा प्रवाह गरिरहेको र सो अस्पतालबाट आम्दानी हुने सेवा शुल्क लगायतका रकम दाखिला गर्नका लागि हालसम्म पनि बैंक खाता संचालन नभएका कारणले समस्या उत्पन्न भएको हुँदा अस्पताल प्रमुख र धार्चे गाउँपालिकाको कार्यालयका लेखा प्रमुखको संयुक्त दस्ताखत रहने गरि हिमालयन बैंक लि. धार्चे शाखामा बैंक खाता खोल्ने व्यवस्था मिलाउने निर्णय गरियो ।